बुटवल टुडे २०७३/१२/६

# उच्च अदालत तुलसीपुर, बुटवल इजलास

# शिलबन्दी बोलपत्र आह्वानको सूचना

सूचना नं. २/२०७३/०७४

प्रथम पटक प्रकाशित मितिः २०७३।१२।०६

यस उच्च अदालत तुलसीपुर बुटवल इजलासमा निम्न बमोजिमको निर्माण कार्य शिलबन्दी बोलपत्रद्वारा गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यबसायीहरूबाट निम्न शर्तहरूको अधिनमा रही रीतपूर्वकको सिलबन्दी बोलपत्र आव्हान गरिन्छ।

**शर्तहरू:**

१. बोलपत्र सूचना प्रकाशित भएको मितिले ३०औं दिन (मिति २०७४/०१/०४) गते भित्र बोलपत्र वापत तपशिलमा उल्लेखित रकम (फिर्ता नहुने गरी) बुझाई आ.व. ०७३/७४ सम्म मान्यता हुने ठेक्का इजाजत पत्र, स्थायी लेखा नम्बर, मु.अ. कर दर्ता भएको प्रमाणपत्र र आ.व. ०७२/०७३ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरू संलग्न राखी इच्छुक बोलपत्र दाताले लिखित निवेदन दिई यस उच्च अदालत तुलसीपुर बुटवल इजलासबाट कार्यालय समय भित्र बोलपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ।

२. खरिद भएको बोलपत्र सम्बन्धी कागजात प्रष्टसँग भरी निर्माण व्यवसायीले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी खाम बाहिर फर्मको नाम, ठेगाना र कामको नाम, ठेक्का नं. प्रष्टसँग लेखी बोलपत्र प्रकाशित भएको मितिले ३१ औं दिन (मिति २०७४/०१/०५ ) दिनको १२ बजे भित्रमा यस कार्यालयमा दर्ता गराउनु पर्नेछ। दर्ता भएका बोलपत्रहरू सोही दिनको २ बजे उपस्थित बोलपत्रदाताहरू तथा प्रतिनिधीहरूको रोहवरमा यसै अदाललमा खोलिने छन्। बोलपत्रदाता वा प्रतिनिधिहरूको उपस्थिती नभएमा नियमानुसार खोल्न बाधा पर्ने छैन।

३. बोलपत्र मान्य हुने अवधी ९० (नब्बे) दिन हुनेछ र बोलपत्रसाथ बोलपत्र जमानत वापतको रकम कृषि विकाश बैंक बुटवलस्थित कोष तथा लेखा नियन्त्रक कार्यालय, रूपन्देहीको एकल कोष धरौटी खाता नं. ०४१४६०१०१४२५३०४७ मा जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको यस अदालतको नाममा क वर्गको वाणिज्य बैंकबाट जारी भएको मिति २०७३/१२/०६ गतेबाट कम्तिमा १२० दिन अवधि भएको बैंक जमानत (विड वण्ड) पेश गर्नु पर्नेछ।

४. यस अदालतले उपलब्ध गराएको बोलपत्र पुस्तिकामा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ। समयभित्र प्राप्त नभएको रित, नपुगेको, सूचनाको शर्त विपरित भएको बोलपत्र उपर कारवाही हुने छैन। केरमेट भएको खण्डमा सम्बन्धित फर्मको सहिछाप भएको हुनुपर्नेछ।

५. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरूले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझी बोलपत्र भरेको मानिनेछ।

६. बोलपत्र भर्दा दररेट स्पष्ट रूपमा अक्षर र अंकमा उल्लेख गर्नु पर्नेछ। अक्षर र अंक फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ

७. एक फर्म/संस्थाको नामबाट खरिद भएको बोलपत्र अर्को फर्म/संस्थाको नामबाट दाखिला गर्न पाइने छैन।

८. बोलपत्र सम्बन्धी कागजात दाखिला गर्दा निम्न कुराहरू खुलाउनु पर्नेछ।

(क) प्रस्तावित कार्यको लागि आवश्यक अनुभव (ख) जनशक्तिको कार्य दक्षता र योग्यता (ग) आर्थिक दक्षताको विवरण (घ) आवश्यक प्राविधिक मालसामान तथा उपकरणको विवरण (ङ) निर्माण कार्य तालिका (च) लिखित स्वयम घोषणा र संयुक्त उपक्रम (जे.भी.) को माध्यमबाट काम गर्ने निर्माण व्यवसायीले संयुक्त लगानी सम्बन्धी सम्झौता पत्र पेश गर्नुपर्नेछ। संयुक्त उपक्रममा लिड पार्टनरको ४०५ अन्य पार्टनरको २५५ भन्दा कम भएको लागि मान्यता दिइने छैन। संयुक्त उपक्रममा बढीमा ३ वटा फर्मले मात्र भाग लिन पाउने छन्। सम्झौता पत्रमा कामको विवरण तथा सेयर खुलेको हुनु पर्नेछ। तर एक बोलपत्रदाताले संयुक्त उपक्रमको साझेदार वा व्यक्तिगत मध्ये कुनै एक मात्र बोलपत्र पेश गर्न सक्नेछन्।

९. बोलपत्र सम्बन्धी विस्तृत छलफलको लागि मिति २०७३/१२/२४ गते दिन दिनको १:०० बजे यस अदालतमा प्रि–विड मिटिङ्ग राखिएकोले सम्पूर्ण इच्छुक निर्माण व्यवसायीलाई उपस्थित हुन सूचित गरिन्छ।

१०. इच्छुक बोलपत्रदर्ताले e-procurement मार्फत www.bolpatra.gov.np मा गई थप जानकारी प्राप्त गर्न, बोलपत्र डाउन लोड गर्न र बोलपत्र दाखिला गर्न समेत सक्नेछन्। सो को लागि निम्न बमोजिम राजश्व खातामा बोलपत्र खरिद दस्तुर जम्मा गरि डिपोजिट भौचरको Scanned Copy (PDF format) मा Electronic Bid Files साथै पेश गर्नु पर्नेछ।

११. बोलपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन तथा खोल्ने दिन बिदा परेमा सोको भोलिपल्ट वा बिदा पछि कार्यालय खुलेको दिनमा हुनेछ।

१२. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रूपमा ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस अदालतमा निहित रहनेछ।

१३. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्न परेमा कार्यालय समय भित्र यस अदालत वा टेलीफोन नं.०७१-५४११७६ मा सम्पर्क राख्न सकिनेछ।

१४. e-bidding को लागि रकम जम्मा गर्ने बैंकको विवरण :

(क) बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक, बुटवल (ख) कार्यालयको कोड नं. : ३७-२०४-०३

(ग) राजश्व खाता नं. ११११११ (घ) राजश्व शिर्षक नं. : १४२२७

१५. कुनै बोलपत्र दाताले e-bidding बाट एक पटक पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा उक्त कार्य e-bidding प्रक्रियाबाट नै गर्नु पर्नेछ। यस्ता बोलपत्र फिर्ता लिन वा संशोधनका लागि सिलबन्दी निवेदनबाट हार्ड कपी पेश गर्न पाइने छैन/स्वीकार गरिने छैन।

१६. e-bidding द्वारा बोलपत्र पेश गर्ने बोलपत्रदाताले पेश गरेका कागजातहरूको सक्कलप्रति यस कार्यालयमा ७ सात दिनभित्र पेश गर्नु पर्नेछ। सक्कलप्रति पेश हुन नआएमा बोलपत्र फारममा उल्लेख भए अनुसारको कारवाही गरिने छ।

१७. यस सूचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ।

१८. एकै बोलपत्रदाताले शिलबन्दी बोलपत्र वा e-bidding मध्ये कुनै एक वा दुवै माध्यमबाट बोलपत्र पेश गर्न सक्नेछ। दुवै प्रणाली प्रयोग गरी बोलपत्र पेश गरेको दुई बोलपत्र विच भिन्नता भएमा दुवै बोलपत्र स्वतः रद्द हुनेछ।

१९. यो सूचना सर्वोच्च अदालतको website: www.supremecourt.gov.np मा पनि हेर्न सकिने छ।

२०. कामको विवरण निम्न अनुसार रहेको छ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | कार्यको बिबरण | स्वीकृत लागत अनुमान रकम मु.अ.कर बाहेक | बोलपत्र खरिद दस्तुर (रु.) | बोलपत्र जमानत रकम (रु.) | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०२ / २०७३ / ७४ | अदालत भवन मर्मत एवं रंगरोगन कार्य | २६,६७,१८४/२५ | ३,०००।०० | ८०,०००।०० | २०७४/०१/०४ गते दिनको ५:०० बजेसम्म | २०७४/०१/०५ गते दिनको १२:०० बजे सम्म | २०७४/०१/०५ गते दिनको २:०० बजे |